मेलम्ची नगरपालीका

नगरकार्यापालिकाको कार्यालय

नगर कार्पालिका बैठक
मिति २०७७।०८।२९ गते

**प्रस्तावहरुः**

१. नगर सभाको मिति तय गर्ने।
२. रेडियो मेलम्चीको भवन निर्माणका लागि आर्थिक सहयोग माग सम्बन्धमा ।
३. प्याराग्लाइडिङ उडान तथा व्यवस्थापन समितिलाई सल्लेघाट घ्याङबाट प्याराग्लाइडिङ परीक्षण उडान अनुमति माग सम्बन्धमा ।
४. मे.न.पा-९ स्थित गुफा डाँडामा आउने आन्तरिक तथा बाह्य पर्यटकको निम्ति आवश्यक होटल तथा लजको सुविधा नभएको र पर्यटकको सुविधालाई व्यवस्थापन गर्ने हेतुले होटेल रोज एण्ड रेष्टुरेन्टले आफ्नो शाखा रहने गरि ५ देखि ७ रोपनी सम्म सार्वजनिक भू-भाग अस्थाइ रुपमा भोगचलन गरि पाउँ भन्ने सम्बन्धमा।
५. मोतिदेवि स्मृति केन्द्र, काठमाण्डौद्वारा यस नगरपालिकाको बाँसबारीमा नेपाल हस्तकला महासंघ, मोतिदेवि स्मृति केन्द्र र मेलम्ची नगरपालिकाको संयुक्त आयोजनामा अलैचीको रेसा बुनाई आधारभूत तालिम १० दिन संचालनको लागि प्रस्ताव पेश गरिएको सम्बन्धमा।
६. मे.न.पा.-११ स्थित मिसन कृषि तथा पशुपंक्षी व्यवसायको लागि यस नगरपालिकाको कृषि अनुदान सहयोग कार्यक्रम अन्तर्गत कृषि अनुदान माग सम्बन्धमा ।
७. मे.न.पा.-११, कटुञ्जे बस्ने रेवती रमण दुलालको अंशवण्डा सम्बन्धी मुद्दामा सहमति कार्यान्वयन गराइ पाउ भन्ने निवेदन सम्बन्धमा ।
८. मे.न.पा.-3 चिसापानी स्थित मनकामना होटेल संचालक प्रकाश लामाको होटल स्टोरमा विद्युत सर्ट भइ आगलागी भएर स्टोरमा रहेको सम्पूर्ण सामानहरुमा क्षति भएको र घरमा समेत क्षति भएको हुँदा सो घरमा बस्ने निवेदक प्रकाश लामाको साढु दाइको ३ जना छोरीहरु र आमा बाबु बिहिन बच्चाहरु समेत आश्रय विहिन भएको र आगलागीबाट क्षति भएको सामानहरुको नियमानुसार आवश्यक प्रकृया पुरा गरी सहयोग गरिदने माग सम्बन्धमा ।
९. सिन्धु सुरुङको मकिङ्ग(ग्राभेल) निकासी पैठारी रोक्ने सम्बन्धमा ।
१०. घ वर्गको निर्माण व्यवसाय इजाजत पत्र प्रदान गर्ने सम्बन्धमा ।
११. बेरोजगार व्यक्तिहरुको सुची प्रमाणित गर्ने सम्बन्धमा ।
१२. वडा नं. १२ गिरानचौर स्वास्थ्य चौकीको लागि दानमा निशुल्क जग्गा प्राप्त गर्ने सम्बन्धमा ।
१३. वडा नं. ७ स्थित बागवानी फर्मको भवन निर्माण सिफारिश सम्बन्धमा ।
१४. वडा नं. १३ बाट प्राप्त बजेट पुनर्विनियोजन सम्बन्धी वडा समितिको निर्णयको सम्बन्धमा ।
१५. बाढी पहिरो पिडित कृष्ण प्रसाद खनालले अन्य व्यक्तिले राहत प्राप्त गरेको र आफुले राहत नपाएको भनि पेश गरेको निवेदन सम्बन्धमा।
१६. नगर क्षेत्र भित्रबाट अबैध रुपमा नगर बाहिर ढुङ्गा माटो पैठारी सम्बन्धमा।
१७. विभिन्न रेडियो संस्थाहरुबाट विज्ञापन प्रशारणको लागि प्रस्ताव पेश गरेको सम्बन्धमा।
१८. अटो रिक्सा संचालनको लागि अनुमति माग भएको सम्बन्धमा ।

१९. सूर्यमुखी साना किसान कृषि सहकारी संस्था लिमिटेडबाट कोल्ड चेम्बर निर्माणका लागि त्रिपक्षिय सम्झौता गर्ने निर्णय गरी रु. ४ लाख बजेट माग भएको सम्बन्धमा ।

२०. श्री इन्द्रेश्वरी माध्यमिक विध्यालय मेलम्ची ११ मा सिस्मोमिटर जडान गर्नको लागि रु. १ लाख माग भएको सम्बन्धमा ।

२१. टुकी संघ सुनकोशीबाट पेश भएको आ.व.२०७७।०७८ को प्रस्तावित कार्यक्रम तथा अनुमानित बजेट संलग्न राखी अनुमोदनको लागि पेश भएको निवेदनको सम्बन्धमा ।

२२. मेलम्ची नगरपालिका वडा नं.२ को कार्यालय भवन निर्माण कार्यको भेरिएसन आदेश स्वीकृति सम्वन्धमा।

२३. वडा नं. ३ स्थित सोति खोला पाटीभञ्ज्याङ्गसडकमा पहिरो गएर लामो समयदेखि सवारी अवरुद्ध भएकोले सवारी आवागमनको लागि सहयोग माग भएको सम्बन्धमा।

२४. दुवाचौर सामुदायिक साना किसान कृषि सहकारी संस्था लिमिटेडले संचालन गर्न लागेको दुग्ध चिस्यान केन्द्रको लागि ५० प्रतिशत लागत साझेदारी गर्ने भनि प्रस्ताव पेश भए भएको सम्बन्धमा।

२५. वडा नं. १० स्थित आचार्य टोल खानेपानी योजना संचालनको लागि रकम माग सम्बन्धमा।

२६. वडा नं. १० स्थित रामपुर वेसीका तिलक बहादुर दनुवारको लगभग छ रोपनी खेती योग्य जग्गा तिपेनी सडक खण्ड मर्मत गर्ने क्रममा माटो कटिङ गरी त्यसै छाडेकोले पहिरोको जोखिम बढेको हुँदा उक्त स्थानमा तारजाली वा पर्खाल लगाउनको लागि रु २४ लाख ३१ हजार बजेट माग भएको सम्बन्धमा ।

२७. वडा नं. १० स्थित ज्यामिरे अम्बोटेमा वर्षाका कारण ३० घरधुरी पहिरोको उच्च जोखिम र खानेपानी संरचनामा क्षती पुगेकोले पहिरो रोकथाम र खानेपानी निर्माणको लागि रु ६४५५००।०० बजेट माग भएको सम्बन्धमा ।

२८. वडा नं. ९ स्थित गुफालि माने देखी सातकन्या मावि जाने बाटोमा जाली तथा सोलिङ गरी स्तरोन्नतीको लागि रु १५८९५००।०० बजेट माग भएको सम्बन्धमा ।

२९. जागेश्वरीटार खानेपानी तथा सरसफाई उपभोक्ता समितिबाट खानेपानी योजनाको लागि अनुमानित लागत रु ११४५०००।०० को आर्थिक सहयोग माग भएको सम्बन्धमा।

३०. संघीय समपुरक तथा विशेष अनुदानको लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

निर्णयहरुः

१. मेलम्ची नगरपालिका नगर सभाको बैठक यही २०७७ पौष २२ गते बुधवार शुरु गर्न आवश्यक तयारी थाल्ने । नगर सभामा सवै विषयगत समितिहरुले चालु आर्थिक वर्षको प्रगति प्रतिवेदन पेश गर्ने तथा सवै वडाहरुमा जनप्रतिनिधिले पद बहाल गरेदेखि हालसम्म भएका कार्यहरुको विवरण सम्वन्धित वडाअध्यक्षले पेश गर्ने ।

२. रेडियो मेलम्चीको निर्माणाधिन भवनको बाँकी रहेको कार्य सम्पन्न गर्नको लागि आर्थिक सहयोग माग भएकोमा कार्य सम्पन्न गरी पौष मसान्तसम्ममा भवनबाट कार्य सचालन गर्ने शर्तमा गत आर्थिक वर्षको अ.ल्या. तर्फ बाँडफाँड हुन बाँकी रकमबाट रु. १२ लाख उपलव्ध गराउने र आगामी नगर सभामा अनुमोदनको लागि पेश गर्ने ।

३. प्याराग्लाइडिङ उडान तथा व्यवस्थापन समितिको माग अनुसार नेपाल सरकारको सम्वन्धित निकायबाट कानून बमोजिम अनुमति सम्वन्धी प्रकृया पुरा गरी सुरक्षाका मापदण्ड पूर्णरुपमा पालना गरी मेलम्ची ११ स्थित सुल्लिकोट घ्याङबाट प्याराग्लाइडिङ्ग परीक्षण उडानको लागि अनुमति अनुमति दिने ।

४. मे.न.पा-९ स्थित गुफा डाँडामा आउने आन्तरिक तथा बाह्य पर्यटकको निम्ति आवश्यक होटल तथा लजको सुविधा नभएको र पर्यटकको सुविधालाई व्यवस्थापन गर्ने हेतुले होटेल रोज एण्ड रेष्टुरेन्टले आफ्नो शाखा रहने गरी ५ देखि ७ रोपनी सम्म सार्वजनिक भू-भाग अस्थाइ रुपमा भोगचलन गर्न पाउँ भनी पेश गरेको निवेदन सम्बन्धमा उपयुक्त स्थानको पहिचान र अध्ययन गरीसके पछि स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम बहाल बिटौरी तिर्ने सम्झौता गरी हरेक वर्ष नविकरण गर्ने गरी अस्थायी संरचना बनाइ प्रयोग गर्न दिने ।

५. मोतिदेवि स्मृति केन्द्र काठमाडौ, नेपाल हस्तकला महासंघ र यस नगरपालिकाको संयुक्त आयोजनामा संचालन भइरहेको अलैचीको रेसाबाट १० दिने बुनाइ तालिमको लागि गत आर्थिक वर्षको अ.ल्या. तर्फ बाँडफाँड हुन बाँकी रकमबाट रु . ३ लाख उपलव्ध गराउने र आगामी नगरसभामा अनुमोदनको लागि पेश गर्ने ।

६. मेलम्ची नगरपालिका ११ स्थित मिसन कृषि तथा पशुपंक्षी फर्मले कृषि तथा पशुपंक्षी व्यवसायको लागि कृषि अनुदान माग गरेकोमा कृषि विकास कोष परिचालन समितिको बैठकमा छलफल गरी निर्णय गर्ने ।

७. न्यायिक समितिबाट मेलमिलाप भएको अंशबण्डा सम्बन्धी फैसला कार्यान्वयनको लागि पेश भएको मे.न.पा-११, कटुञ्जे बस्ने रेवती रमण दुलालको निवेदन सम्वन्धमा फसलन कार्यान्वयनको लागि इलाका प्रहरी कार्यालय र सम्बन्धित वडा कार्यालयलाइ पत्राचार गर्ने । साथै फैसला कार्यान्वयनमा अवरोध गरेमा जेष्ठ नागरिक सम्बन्धी ऐन २०६३ बमोजिम कारवाही प्रकृया अगाडि बढाउने ।

८. मेलम्ची नगरपालिका वडा नं.-३ चिसापानी स्थित प्रकाश लामाको होटलमा आगलागी भइ सम्पूर्ण सामानहरुमा क्षति भएको र सो घरमा बस्ने निवेदक प्रकाश लामाको साढु दाइको ३ जना छोरीहरु र आमा बाबु बिहिन बच्चाहरु समेत आश्रय विहिन भएको भनी सहयोग माग भएकोमा निजलाई विपद व्यवस्थापन कोषबाट रु. ३० हजार उपलब्ध गराउने । साथै नेपाल रेडक्रस सोसाइटी तथा जिल्ला प्रशासन कार्यालयलाई थप आर्थिक सहयोगको लागि सिफारिस गर्ने ।

९. मेलम्ची खानेपानी आयोजनाको सिन्धु सुरुङ्गबाट निस्किएको ग्राभेल विना अनुमती नगरबाट बाहिर लैजाने गरेको जानकारी प्राप्त भएको हुँदा उक्त ग्राभेल ओसार पसारमा रोक लगाउन वडा कार्यालय र इलाका प्रहरी कार्यालयलाई पत्राचार गर्ने।

१०. घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्वन्धी कार्यविधि २०७४ को दफा ३ को उपदफा (३) बमोजिम घ वर्गको इजाजतको लागि पेश भएका देहायका निर्माण कम्पनी/फर्महरुलाई इजाजत पत्र प्रदान गर्ने ।

१. सहयात्रा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.
२. रुद्र भैरब कन्स्ट्रक्सन प्रा.लि.
३. सन्तोषी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.
४. क्यौरानी भिमेश्वर कन्स्ट्रक्सन प्रा.लि.
५. युनिश कन्स्ट्रक्सन प्रा.लि.
६. ईन्द्रावती कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.

११. नगरपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सूचिकृत बेरोजगारहरुको सूचि सही भएका वडाहरुमा १ हप्ता भित्रमा योजना छनौट गरी निर्माण कार्य अगाडि बढाउने ।
१२. मेलम्ची नगरपालिका वडा नं. १२ गिरानचौरमा शहरी स्वास्थ्य क्लिनिक निर्माणको लागि मेलम्ची १२ गिरानचौर बस्ने श्रीमती जुरेली माई लमिनीले आफ्नो हकभोगको कित्ता नं. ७४८ बाट ०-६-०-० जग्गा निःशुल्क उपलव्ध गराउन मन्जुरी सहित निवेदन पेश गरेको र वडा कार्यालयबाट समेत उक्त जग्गा उपयुक्त रहेको भनी सिफारिश प्राप्त भएको हुँदा सो जग्गा शहरी स्वास्थ्य क्लिनिक निर्माणको लागि प्राप्त गर्न स्वीकृतिको लागि सम्वन्धित निकायलाई अनुरोध गर्ने ।
१३. मेलम्ची नगरपालिका वडा नं. ७ दुवाचौरस्थित बागवानी फर्मको भूकम्पबाट क्षतिग्रस्त भवन निर्माणका लागि कृषि विभागमा सिफारिस गरी दिन माग भए बमोजिम सिफारिश दिने।
१४. मेलम्ची नगरपालिका वडा नं. १३ को वडा समितिबाट निर्णय भइ आए अनुसार नगर सभाबाट स्वीकृत देहायको वडा स्तरीय योजनामा रकम बाँडफाँड गरी कायान्वयन गर्न स्वीकृति दिने।

| सि.नं. | नगर सभाबाट स्वीकृत योजना | स्वीकृत रकम | संशोधित योजना | रकम |
|---|---|---|---|---|
| १ | सडक संरक्षण तथा विपद् व्यस्थापन | १५००००० | वडा कार्यालय भन्ज्याङ सडक सुधार | ५५०००० |
| | | | सितुवा बगर गैराली टोल खानेपानी मर्मत सुधार | २००००० |
| | | | हात्तिगौंडा फेदीरुम्दे सडक मर्मत सुधार | २००००० |
| | | | द्यौती पब्लीक स्कूल सडक मर्मत सुधार | २००००० |
| | | | खर्नेचौर ट्रष्ट शौचालय निर्माण | ३५०००० |

१५. मेलम्ची नगरपालिका वडा नं ४ को वडा समितिबाट निर्णय भइ आउ अनुसार नगर सभाबाट स्वीकृत देहायको वडास्तरीय योजनामा रकम बाँडफाँड गरी कार्यान्वयन गर्न स्वीकृत दिने ।

| सि.नं. | नगर सभाबाट स्वीकृत योजना | स्वीकृत रकम | संशोधित योजना | रकम |
|---|---|---|---|---|
| | वडा नं १ देखि वडा नं ९ सम्म सडक सफा गर्ने | १२००००० | साविक वडा नं १ देखि ८ सम्म मोटरबाटो निर्माण तथा मर्मत | १०००००० |
| | | | अमले-डिही सडक मोटरबाटो निर्माण तथा मर्मत | २००००० |

१६. बाढी पहिरोबाट घर क्षति भएका मेलम्ची ४ बस्ने कृष्ण प्रसाद खनाललाई कार्यपालिकाको पूर्व निर्णय बमोजिमको राहत रकम उपलब्ध गराउने ।

१७. नगरपालिका क्षेत्र भित्र नदिजन्य पदार्थ निकासी तथा बिक्रीको लागि ठेक्का लागेको क्षेत्र बाहेकको क्षेत्रबाट ढुङ्गा र माटो उत्खनन गरी नगर क्षेत्र भन्दा बाहिर लैजान नदिनको लागि इलाका प्रहरी कार्यालयलाई पत्राचार गर्ने । साथै सम्बन्धित व्यक्तिहरुसँग छलफल गरी स्थानीय सरकार संचालन ऐन २०७४ को अधिनमा रही ठेक्का लगाउने प्रकृया अघि बढाउने ।

१८. मेलम्ची नगरपालिका भित्र संचालनमा रहेका विभिन्न रेडियोहरुबाट कार्यक्रमका लागि प्रस्ताव पेश भएको सन्दर्भमा वडा नं. १ देखि ६ सम्मका विज्ञापन लगायतका कामहरु रेडियो मिशनलाई वडा नं. ७ देखि १३ सम्मका विज्ञापन लगायतका कामहरु रेडियो सिन्धुलाई र नगरपालिकाको विज्ञापन लगायतका कामहरु रेडियो मेलम्चीलाई दिने ।

१९. श्रेष्ठ आर एन यातायात कम्पनी प्रा.लि.बाट मेलम्ची नगरपालिकाको बजार क्षेत्रमा अटो रिक्सा संचालनको अनुमतिको लागि पेश भएको सम्बन्धमा सम्बन्धित संस्थासँग भाडा दररेट र रुट लगायतका विषयमा छलफल गरी अनुमति दिने ।

२०. सूर्यमुखी साना किसान कृषि सहकारी संस्थाले किसान २ परियोजनासँगको सहकार्यमा कोल्ड चेम्बर निर्माण गर्न रु. ४ लाख रकम माग भएकोमा गत आर्थिक वर्षको अ.ल्या. तर्फ बाँडफाँड हुन बाँकी रकमबाट रु. ३ लाख उपलब्ध गराउने र आगामी नगर सभामा अनुमोदनको लागि पेश गर्ने ।

२१. श्री इन्द्रेश्वरी माध्यमिक विध्यालय मेलम्ची ११ मा सिस्मोमिटर जडान गर्नको लागि रु. १ लाख माग भएकोमा विद्यार्थीहरुलाई भूकम्प पूर्वानुमान सम्वन्धीज्ञान हाँसिल गर्न तथा विपद पूर्व तयारीमा उपयोगी हुने देखिएको हुँदा विपद व्यवस्थापन कोषबाट रु. १ लाख उपलब्ध गराउने ।

२२. टुकी संघ सुनकोशीबाट पेश भएको आ.व.२०७७।०७८ को प्रस्तावित कार्यक्रम तथा अनुमानित बजेट अनुमोदनको लागि नगरसभा पेश गर्ने ।

२३. मेलम्ची नगरपालिका वडा नं. २ को कार्यालय भवन निर्माणको क्रममा लागत अनुमानमा छुट भएका केही कामहरु तथा भवनमा जानको लागि Ramp र Protection Wall तत्काल नगराए भवनमा जान बाटो नै नहुने भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ बमोजिम रु. ४३,९५,६४२.६५ बराबरको भेरिएसन आदेश जारी गरी हालकै निर्माण व्यवसायीबाट काम गराउन स्वीकृति दिने।

२४. वडा नं. ३ स्थित सोति खोला पाटीभञ्ज्याङ्ग सडकमा पहिरो गएर लामो समयदेखि सवारी अवरुद्ध भएको हुँदा खोला छेउको पहरोको चुच्चो फुटाउन तथा पाटी भञ्ज्याङ्ग छेउको पहिरोको ठूलो ढुंगालाई सुरक्षित ढंगले व्यवस्थापन गरी पहिरो पन्छाई गाडि आवतजावत् गर्न मिल्ने बनाउन तुरुन्त काम शुरु गर्ने र उक्त कार्यको लागि लागत अनुमान बमोजिमको बजेट विपद व्यवस्थापन कोषबाट खर्च लेख्ने ।

२५. दुवाचौर सामुदायिक साना किसान कृषि सहकारी संस्था लिमिटेडले संचालन गर्न लागेको दुग्ध चिस्यान केन्द्रको लागि ५० प्रतिशत लागत साझेदारी गर्ने । सो रकम कृषि विकास कोषको कार्यक्रममा समावेश गर्ने ।

२६. संघीय सरकारबाट संचालन गरिने समपुरक तथा विशेष अनुदान कार्यक्रमको लागि देहाय बमोजिमको आयोजना संचालन लागि पठाउने ।

| विशेष अनुदान अन्तर्गत सिफारिस | | | समपुरक अनुदान अन्तर्गत सिफारिस | | |
|---|---|---|---|---|---|
| क्र.सं. | आयोजनाको विवरण | रकम | क्र.सं. | आयोजनाको विवरण | रकम |
| १ | नमूना शैक्षिक विकास तथा साक्षरता सुधार परियोजना (Melamchi Municipality Model Educational Development & Literacy Improvement Project) | रु ६,००,००,०००।- | १ | वडा नं ३ को वडा कार्यालय निर्माण | रु ३,०१,८१,९००।०९ |
| २ | नविनतम प्रविधिको प्रयोगद्धारा खाद्य उत्पादन र बजारीकरण तथा पोषण खाद्य सुरक्षा परियोजना | रु ३, ४६,३३,०५०।- | २ | वडा नं १२ को वडा कार्यालय निर्माण | रु २,९२,५०,०५०।- |

**<u>विभिन्न योजना तथा कार्यक्रम को लागि बजेट माग गरी प्राप्त देहायका विषयहरु नगर सभामा छलफलको लागि पेश गर्नेः</u>**

१. वडा नं. १० स्थित आचार्य टोल खानेपानी योजना संचालनको लागि रकम माग सम्बन्धमा ।
२. वडा नं. १० स्थित रामपुर वेसीका तिलक बहादुर दनुवारको लगभग छ रोपनी खेती योग्य जग्गा तिपेनी सडक खण्ड मर्मत गर्ने क्रममा माटो कटिङ गरी त्यसै छाडेकोले पहिरोको जोखिम बढेको हुँदा उक्त स्थानमा तारजाली वा पर्खाल लगाउनको लागि रु २४ लाख ३१ हजार बजेट माग भएको सम्बन्धमा ।
३. वडा नं. १० स्थित ज्यामिरे अम्बोटेमा वर्षाका कारण ३० घरधुरी पहिरोको उच्च जोखिम र खानेपानी संरचनामा क्षती पुगेकोले पहिरो रोकथाम र खानेपानी निर्माणको लागि रु ६४५५५००।०० बजेट माग भएको सम्बन्धमा ।
४. वडा नं. ९ स्थित गुफालि माने देखी सातकन्या मावि जाने बाटोमा जाली तथा सोलिङ् गरी स्तरोन्नतीको लागि रु. १५८९५००।०० बजेट माग भएको सम्बन्धमा ।
५. जागेश्वरीटार खानेपानी तथा सरसफाई उपभोक्ता समितिबाट अनुमानित लागत रु ११४५०००।०० को आर्थिक सहयोग माग भएको सम्बन्धमा ।